# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१०/२७

तेस्रो अधिवेसन

(छैठौँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **मा० सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको छैठौँ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **मा० सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **प्रादेशिक बाताबरण संरक्षण विधेयक, २०७५** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएकोले जानकारी गराउँछु ।

***(जानकारी गराए पछि)***

३. **माननीय सदस्यहरु,**

अब, म उद्योग पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **प्रादेशिक बाताबरण संरक्षण विधेयक, २०७५** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय माया भट्ट :–** माननीय सभामुख महोदय उद्योग, पर्यटन, वन तथा वातावर्ण मन्त्रालय वाट प्रदेश सभा सचिपालय मिति २०७५/१०/२२ मा दर्ताभएको प्रदेश वातावर्ण संरक्षण सम्वन्धमा व्यवस्ता गर्नवनेको विधेक २०७५ माथि सुदूरपश्चिम प्रदेश सभा नियमावलि २०७४ को नियम १०५ वमोजिम कुनैपनि माननीय सदस्यको विरोध सुचना प्राप्त हुन नआएको व्यहोरा माननीय सभामुख ज्यु वाट जानकारि प्राप्त हुनआएको छ । कानुन सम्मत विरोधको सुचना प्रप्त नभए पश्चात माननीय सभामुखज्युवाट विधेयक सभा समक्ष टेवुल गर्ने अनुमति प्रदान भएकोले सुदूर पश्चिम प्रदेशको प्रदेुश सभा नियमावलि २०७४ को नियम १०६ को उपनियम २ वमोजिम प्रदेश वातावरण संरक्षण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ सभा समक्ष पेश गर्दछु । धन्यावाद

***(टेबुल भए पछि)***

४. **माननीय सदस्यहरु,**

**प्रादेशिक बाताबरण संरक्षण विधेयक, २०७५** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

५. **माननीय सदस्यहरू,**

अब, **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

६. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय प्रदेशमा सुशासन प्रत्याभुती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाइ प्रदेश सभानियमावलि २०७४ को नियम १०७ वमोजिम सामान्य छलफल गरियोस भनि यो प्रश्ताव पेश गर्दछु । धन्यावाद

(प्रस्ताव पेस भएपछि)

७. **माननीय सदस्यहरू,**

अब, म **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

८. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

९. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **माननीय कृष्ण बहादुर चौधरी** लाई समय दिन्छु ।

**माननीय कृष्ण बहादुर चौधरी :–** **माननीय कृष्ण बहादुर चौधरीज्यूले चौधरी भाषामा बोल्नु भएकाले नबुझिएको ।**

**मा० प्रेम प्रकाश भट्ट :–** माननीय सभामुख महोदय हाम्रो सुदूरपश्चिम प्रदेश मा सुशासनको प्रत्याभुति गर्ने सम्वन्धमा व्यवस्था गर्नवनेको विधेयक २०७५ जुन हाम्रो सरकार गठन भएको लगभग १ वर्ष पछि यो पाएका छौ । यसकालागि हामि खुसि व्यक्त गर्न चाहान्छौ र खास गरेर अहिले जुन किसिमले संघियता कार्यानयन भैराखेको छ । र संघियताका लागि थुप्रै कानुनर नियमहरु वनिराखेका छन । र ति कानुन र नियमहरु वन्ने उसमा सवैले जनताले र सवैले अहिले चाहिराखेको जनताले सुशासनको प्रत्याभुति कसरि गर्ने भन्नेमा सवैभन्दा अहम प्रश्न वनेको छ । र यसकालागि खासगरेर संघिय सरकार प्रदेश सरकार र स्थानिय तह तिन वोटा सरकार र यो तिनवटै सरकारमा जुन कानुनले हाम्रो नेपालको संविधान २०७२ ले दिएका अधिकार हरु अहिले हेर्नेहो भने माथिवाट थुप्रै अधिकारहरु काटिदै अहिलेको यो प्रदेश सभा एउटा किसिम वाट मुख्यमन्त्रि हिजोको जस्तो पावरफुल वनाउने त्यो संविधान भन्दापनि अव मुख्यमन्त्री लगायत  तलका जुन मन्त्रालय हरुछन । ति मन्त्रालयका अधिकार हरु कटौति भैराखेको र माथिवाट जुन संघिय सरकारले त्यो गरिराखेको छ । यसकालागि पनि हामिले यो संसदवाट आवाज उठाउनुपर्ने छ । २०७२ सालले जुन अधिकार हरु सुनिश्चित गरेका छन । प्रदेशलाइ र स्थननिय तहलाइ सो किसिम वाट संघिय सरकारलाइ त्यो आग्रह सभामुख माफर्त म गर्न चाहान्छु । र खासगरेर जुनकिसिमवाट हाम्रो यो अहिलेको विधेक आएको छ । यो विधेकले मात्र पुग्दैन  । यस संगै विधेक हाम्रो संघिय विधेकले निर्णय गरेर ति अधिकार कटौति नहुन भन्नेतिर पनि हामिले सचेत र सतर्कता रहन जरुरिछ जस्तो लाग्छ । र नत्रभने संघियतानै एउटा खालको धरापमा पर्ने अवस्था भैराखेको जस्तो छ । त्यसैले गर्दाखेरि हामिले यो प्रदेशमा सुशासनको आवस्यक्ता प्रदेशमा मात्र हैन एउटा देशमा पनि अहिले एउटाखालको सुशासनको प्रत्याभुति कसरि दिने भन्नेतिर सरकार लागिरहेको छ । र यसलाइ ऐन कानुनले वाधेर मात्र हुदैन र यसलाइ कार्यानयनमा पनि जानुपर्छ र यसका सतसातै अवको यो आउदो महिना हामिलेत यो विधेक हरुलाइ सुशासन गर्नका लागि जुन यो विधेक आएको छ । यसका सातसातै यसका पुरक विधेकहरु जतिपनिछन सुशासन संग कामगर्ने अन्यविधेकहरु पनि कानुन  विधेक वनाउनकालागि हाम्रो संसदले अहिले काम नपाइरहेको जस्तो अवस्ता भएको छ । यसको लागि म यो प्रदेश सरकारलाइ ध्यान पनि आक्रीष्ट गराउन चाहान्छु । र पर्तेयक मन्त्रालयका आवस्यक विधेक हरु याहाँ पेसगरेर अहिले योवेला संसदले जुन एउटा वेरोजगार हुनुपर्ने अवस्था आएको छ र समपुर्ण विधेक हरु पेश गरेर सवैले यो २,३ महिनाको उसमा यो फागुन , चैत , वैसाग यो वेलामा अव एउटा विधेक त्यसपछि हाम्रो वजेट अधिवेसन तिर लाग्छौ । र त्यतातिर अलिकति मन्त्रालय हरुले यि विधेयकहरु सवै ल्याउनु पर्‍यो भन्ने पनि म ध्यान आकर्षण गराउन चाहान्छु । र यो सम्वन्धित विधेक सम्वन्धित समितिमा गएर  र यसको वारेमा व्यापक छलफल हुनेछ र जुन किसिमवाट जुन उद्देश्यका साथ याहाँ ल्याउनु भएको छ । यसकालागि मन्त्री ज्युलाइ म हार्दिक धन्यावाद दिनचाहान्छु मेरो छलफल यहि टुङ्ग्याउछु हस धन्यावाद

**मा० भरत बहादुर खड्का :–**माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिहामि सैद्दान्तिक छलफलमा छौ मलाइ लाग्छ संविधानको धारा १९७ मा प्रदेश व्यवसथापन कार्य विधि लाइ टेकेर यसले गरेको हो र त्यसवाट अनुसुचि ६,७र९ मा उल्लेखित अधिकार हरु पर्छन तर संविधानमा सवैकुरा स्पस्ट हुदैन तर संविधानको मुल भावना र मर्म अनुसार तिनैवटा संरचना जो वनेकाछन सरकार हरु त्यसलाइ स्पस्टतया हरेक सरकारलाइ सक्षम वनाउनको लागि कानुनि रपमा स्पस्टगर्न जरुरि हुन्छ अहिले त्यो भाको छैन मलाइत केलाग्छ भने व्यवस्था परिवर्तन गर्‍यौ मनस्तिथी हाम्रो पुरातन सोचवाट अगाडि वढेको छ अहिले पनि म सुन्दैछु प्रदेशलाइ जुनतरिकाले व्यवस्ता गर्नुपर्नेहो संघिय सरकारले सचिप मात्र हैन उपसचिप सम्मपनि संघिय सरकारले प्रदेशमा व्यवस्तापन गर्ने जस्को उत्तरदाइत्व संघमै गयो जव सवैकुरा संघले पठाइदिनेहो भने  उसको जवाफ देहिता त्यो मन्त्रालयमा रहदैन किन भने

त्यो संघमै रहन्छ र न सि.डि.वो. चाहि उसको जवाफ देहिताछ न प्रहरिको छ हामिले वारम्वार के भनेका छौ भने प्रहरि र प्रशासन सम्वन्धि अनुसुची ६ मा पहिलो वुदामा छ सान्ती सुरक्षा र सुशासन दिनको लागि यो विधेयक चाडो ल्यउ हामि साथ दिन्छौ याहाँ कुनै व्यक्तिगत झगडा हैन कुन सस्तालाइ कसरिचलाउने त्यो संवैधानिक रुपमा दिएको अधिकार लाइ हामिले स्तापित गर्न सकेनौ भने हाम्रा प्रतिको वित्रिस्णापनि पैदाहुन थालेको छ त्यसैले विधेक सुशासन सव्दत अत्यन्त राम्रो छ त्यसैले यो कुरा संघले अहिले सम्म सोचेको छैन यो गम्भिर विषय छ यसमा प्रदेश सरकार र सदन एकजुट भएर यो प्रदेशले प्राप्त गरेको कुरा हरुलाइ हामिले व्यवस्तापन गर्न कन्चुसाइ पनि गर्नु हुन्न डराउनु पनि हुन्न भन्ने मेरो एउटा सुझाव छ जाहाँसम्म सुशासनको कुरा गर्दा विधि र पद्धति यो लोक तन्त्रमा विधिर पद्धति विना सुशान आउन सक्दैन संविधान वादको परिकल्पना गर्न सक्दैन त्यसैले लोकतन्त्रको पहिलो करेक्टर भनेको पनि संविधान वाद हो विधि र पद्धति मा हो र विधि र पद्धतिलाइ स्तावित गर्ने व्यवस्तापन गर्ने कुरामा सरकारका काम केछन भन्ने कुरालाइ पनि हामिले हेर्नुपर्छ विधेयक वनाउने वित्तिकै कानुन वनाउने वित्तिकै त्यो सवै लागु हुदैन निर्जिव सव्दहरु आफै वोल्दैनन् त्यो जस्ले जवाफदेहिता पाएको छ त्यो व्यक्तिले गर्ने कार्यकलापमा भर पर्छ र अहिले हामिलाइ चित्त केदुखेको छ भने यसले विक्रिति ल्याउदैछ सरकारले सदनवाट वजेट स्वीकृत गराउने र सदनलाइ जनकारी नदिएर योजनाहरु आफुखुसि वितरण गर्ने हो भनेत सदननै चाहिएन विधि चाहिएन पद्धति चाहिएन त्यत्रो सदनको उपहास विधिको उपहास भाको छ जसले अराजक भैराखेको छ विधेकत ल्यायौ सुशासन भनेको भाषणगर्ने शव्द हैन सुशासन व्यवहारमा हुनुपर्छ यो वनाएर हुदैन हाम्रो सस्कारमा त्यो जववाफदेहि हुनुपर्‍यो र हाम्रो क्रियाकलापले जनताले सहजरुपमा सेवा सुविधा विधिर पद्धति को माद्धमवाट पाउनु पर्‍यो सम्मान जनकरुपमा ए गणतन्त्र र लोकतन्त्रमा विधिको साशानहुन्छ र हरेक नागरिकले सम्मानजनक रुपमा स्वभिमानि तरिकाले सेवा पाउछन भन्ने पअनुभुति दिलाउने हो तव गणतन्त्र , लोकतन्त्र ,संघियता भन्या मान्छेले स्वयिकार गरेनन् यहि तरिकाले केन्द्रजाने यहितरिकाले प्रदेश जाने र मलाइत वडा असमान जन्य अवस्तामा छु हामि संसद पनि केहोत संसदको भुमिका केहो भन्ने सम्म प्रश्न आइसकेको छ सोभच्नुहोस यि विधेयकहरु कुनवेला आवस्यक छन र सरकारलाइ हामि सहयोग गर्न तयारछौ वारमवार भनेकाछौ विधेयकहरु ल्याउ र कुन कुन विधेयकलाइ पहिलो प्रार्थमिक्ता दिने जस्तो अव एउटा अको विधेयक याहाँ पेसभएको छ सचिपालय व्यवस्तापन सम्वँधि सचिपालयत १वर्ष अगाडि गठन छ तर एकवर्ष अगाडिमात्रै त्यो विधेक आउनु पर्‍यो र हामि कुन विधेकलाइ प्राइरोटि दिने भन्ने कुरातिर पनि हामिले सोच्न सकेका छैनौ यसरि सुशासन आउदैन कानुनि राज्यलाइ स्थापित गर्न सक्दैनौ इतिहासको कालखन्डमा हामि पछाडि पर्छौकी इतिहासको कालखण्डमा एउटा कालो इतिहास लेखिन्छकी वडा चिन्ता गर्नुपर्ने कुराहरुछन यसरि चलदैन यसरि भनिरहदा याहाँ पक्ष र प्रतिपक्षको कुरा आउला हामियाहाँ पक्ष र पर्तिपक्ष हैनौ यो संघियता यो संविधान लाइ कसरि सफलगर्ने यसमा सरकारलाइ कुनैकिसिमको असहयोग हुदैन हामि सरकार भन्दा १ हात अगाडि गरेर गएर यो संविधानको कार्यानयन र यो व्यवस्ताको सफलता भन्दा आर्को विकल्प अहिले कसैले सोच्नुहुदन नेपालको भविस्य हाम्रो भविस्य यसभित्र छ सरकार प्रविधिक कुराहो आवधिक निर्वाचनमा त्यसैले सरकारको भुमिका अहम हुन्छ सरकारले लो प्रोफाइलमा वसेर सवैलाइ सिम्टेर गर्नुपर्ने काममा सरकारले लिनेछ र लिनुपर्छ सुदूर पश्चिम प्रदेशको सवालमा हामि सरकारको साथमा छौ प्रदेश प्रहरी ऐन निकालौ लोकसेवा ऐन निकालौ योजना आयोगको गरौ अव योजना

वद्ध तरिकाले हाम्रा विकासका कुराहरु अगाडि वढको छैन अराजक तरिकाले वढेका छन त्यसका केहि नम्स र भ्यालुज हरु छन योजना भनेको कुरा त्यसै मुखले गर्नेकुरा हैन त्यसका भ्यालुज छन नम्स छन पलानिङका कुनैपनि योजना वनायदा खेरि लाभको द्रिस्टिकोणले प्रयावरणको द्रिसिटकोणले अन्य द्रिस्टिकोणले ति ठिक छनकि छैनन् यि सवै विषय वस्तु लाइ हेर्नुपर्छ त्यसैले त्यो सफल हुन्छ त्यसैले सिकारलाइ म आग्रह गर्नचाहान्छु नेपालि काग्रेंसको तर्फवाट प्रदेशलाइ मजवुत बनाउन पविधानमा व्यवस्था भएका कुरा हामि तपाइ हरुका साथमा छौ तपाइहरु नडाउनु होस किन डराउने जुन जवाफदेहिताछ जनताका माझमा हामि संविधानले दिएका कुराहरुलाइ स्थापित गरौ र यो सरकार यो सदनले राम्रो कुरा स्थापित गर्‍यो भनेर एउटा ऐतिहासिक सरकार वनोस हाम्रो पुर्ण साथछ धन्यावाद

**मा० अक्कल बहादुर रावल :–** माननीय सभामुख महोदय प्रदेशमा सुशासन सम्वन्धमा व्यवस्ता गर्न वनेको विधेयक २०७५ को सैद्धान्तिक छलफलमा हामि छौ । मलाइ अहिले वेलायतको सन्द्रभमा त्याहाँको वेलायतकि रानी एलिजावेद द्वितियले एकजना किसान उहाको कक्षमा गएर माहारानी हामिलाइ हामि किसान हरु मर्कामा पर्‍यौ अनि हामिलाइ केहि गर्नुपर्‍यो हामिलाइ हेल्प गर्नुपर्‍यो सहयोग गर्नुपर्‍यो । भन्नेकुरा गरिसकेपछि महारानि एलिजावेद ले जवाफ दिनुभयो । कि वावु म वेलायतको महारानी हु । तर तपाइ हरुलाइ अधिकार दिने ठाउमा मछैन । सम्भवत मैले यो कुरा काहाँ जोड्न खोजेको हो । भने हामि अहिले राज्यको ३ वटै सरकारका ३ वटै अभ्यासमा छौ । ति राज्यका अंगहरु यि सरकारका ३ वटा चाहि जुन सरकारको अवधारण हामि संगछ । हाम्रा अंग हरुलाइ परिरचालन गर्न सक्ने औकात या हैसियत या कानुनि राइट हामिसंग छ । कि छैन ? त्यतातिर हामिले फर्किन जरुरि छ । त्यसैले गर्दा संघियताको कार्यानयन संग संगै यि विसयहरुलाइ मज्वुद वनाएर लैजान पर्ने कुराको खाचो यति वेला झनै टट्कारो भएको मलाइ महशुस भएको छ । तसअर्थ राज्य फेरिपनि केन्द्रकृत शासन प्रणालितिर जानखोजेको जुन भान हुन खोज्दैछ । यसले हामिलाइ संघियताको असफलता तिर लैजान्छकी ? हाम्रो संविधान मुताविक अहिलेका ३ वटै सरकारको अभ्यास ठिक ठिक ढंगले अगाडि वड्नैकि भन्ने जुन चासो चिनताको विसय छ । यसलेपनि हामिलाइ धेरै गम्भिर तुल्याएको मलाइ महसुस भएको छ । त्यसैले गर्दा यो यस सम्वन्धमा आएको जुन सुशासन सम्वन्धि जुन विधेक छ यो प्रदेशको सन्द्रभमा यसको धेरै ठुलो महत्व छ । यसमा धेरै विशय वस्तुहरु समेटिएका छन । मैले यो विधेकका प्रतेयक दफामा म पुग्दैन । किनकि मैले हेरे सवैदफाहरु हेर्दाखेरि मलाइ केलाग्यो भने अत्यन्त्य धेरै राम्रा कुराहरु छन । यद्दपि धेरै राम्रा कुराहरु भित्रपनि अझै प्रसकृत गनुपर्ने कुरा हरुको खाचो चाहिन्छ । त्यसैले मलाइ कतातिर लाग्छ । भने हामिले लेखेर मात्र हुदो न रहेछ लेखेका कुरा हरु हामि कार्यानयन गर्न तिर हामि कति अगाडि वड्न सक्छै । भन्नेकुराको भमहत्व उतिनै हुदो रहेछ । त्यसैले इतिहासतिर फर्कनेहो भने हामिले ठुल्ठुला परिवर्तन हरु हामिले गर्‍यौ तर परिवर्तन भैसके पछि हामिले लेखेका कुराहरु कार्यानयन भएत ? भनेर खोज्दाखेरि हुनसकेका छैनन् । ठुल्ठुला परिवर्तन हरु २०४६ सलमा परिवर्तत २०४७ सालमा प्रजातन्त्र प्राप्ती भो । तत्कालिन अवस्तामा २०४६ ,४७ साल भन्दा पुर्वका सशक हरुले गरेका गल्ति हरुलाइ कट्घरामा ल्याउनुपर्छ । भनेर तत्कालिन अवस्तामा मल्लेक आयोग गठन भो । मल्लेक आयोगले प्रतिवेदन बुझायो तर कार्वाहि भएन त्यसमा । त्यसपछि २०६२ –६३ सालको आन्दोलन सम्म आउदा खेरि भएका राज्यका तत्कालिन अवस्थाकमा केन्द्रकृत साशन प्रणलिले अपनाएका गल्ती हरु उनिहरुले गरेका भ्रस्टाभार हरु र जनता माथि लादेका साशन हरु जुन अन्याय अत्याचार हरु थिए । त्यसलाइ एक एक गरेर छानविन गरेर तिनिहरुलाइ कानुनको कठघरामा ल्याउनु पर्छ । भने र राइमाझि आयोग गठन भयो । तिनि हरुलाइ पनि कार्वाहि भएन । त्यसैले गर्दा मलाइ केलाग्दछ भने हामिले सुशासन कायम गर्नेहो भने राज्यले गरेका निर्णय हरुको अक्षेरस कार्यानयन गर्ने कुाराको पहिलो सर्तहो जस्तो मलाइ लाग्दछ । त्यसैले यसलाइ कार्यानयन गर्नतिर हामिले लैजानु पर्दछ र अर्कोति संविधानमा धेरै राम्रा राम्रा व्यवस्ता हरु छन । हामि ऐन हरुपनि अत्यनत सुन्दर पुरै जनतालाइ सेवा दिने खालको जनपक्षिय हामिले वनाइ

राखेकै छौ । तर फितलो कार्यानयनले ति कुराहरु प्रप्ति गर्नेकुरामा हामिलाइ केहि विलम्भ केहि अप्ठेरा र चुनौति हरु खडा भैराखेका छन । त्यसैले गर्दा हामि जहिले पनि सुशानको सवालमा भ्रष्टाचार निन्त्रणको सवालमा काम कार्वाहिलाइ जनमुखि वनाउने सवालहरुमा सत्ताभन्दा वाहिर जेकुरा वोल्छौनि तिकुरा सत्तामा पुगिसकेपछि हामि सवै डराएका छौ । याहाँ प्रतिपक्षका मित्र हरुपनि हुनुहुन्छ । उहाहरुलेपनि धेरै चोटि साशन सत्ता चलाउनुभयो तर अहिले हामिपनि साशन सत्तामै छौ । विषय वसतुहरुको उठान उहिछ । कुनै चेन्ज भएको मलाइ लाग्दैन । त्यसैले गर्दा सुशासन गर्ने गोरेटोमा सुशानमुखि राज्य प्रणालि अगाडि वडाउने सवालमा हामि एक ठाउमा हुन जरुरिछ । त्यसका निम्ति अव हामिले वनाएका ऐन कानून हरुले अव हामिलाइ मार्ग दर्सन गर्दछन । त्यसैले गर्दा अव हामिले तिकुरा हरुलाइ हामिले सहानु ढंगले पेष गर्नु पर्दछ । र काहानिर समस्या रहे कार्यानयनमा काहाँ समस्या रहे अस्तिमात्रै एउटा प्रतिवेदन आयो भ्रष्टाचारमा नेपाल दक्षिण एसियाको तेस्रो मुलुक भनेर त्यो वढेको वढेइछ । हामिले समाजवादि कुरामा अगढि वढ्ने कुरापनि हामिले गरिराखेकै छौ । यसरी प्रप्त हुदैन यिविषयहरु लाइ ठिक–ठिक ढंगले यसको नेत्रीत्व गरेर अगाढि वढनुपर्ने कुराको खाचो उतिकैछ । जस्तो मलाइ लाग्दछ । र संग संगै यसै विधेयकमा के व्यवस्ता पनि छ भने । अव राम्रो कामगर्ने अधिकारि हरुलाइ पुरुस्कृत व्यवस्था गर्नेकुरात छ । तर जसले ऐनको कार्यानयन गर्दैन जस्ले गलत नियतले आफ्नो कामहरु अगाडिवढाउने कार्यगर्छ तिनिहरुलाइ दन्डितको व्यवस्ता छुटेको छ । जस्तो मलाइ महसुश हुन्छ । त्यसको विषय वस्तु हेर्दाखेरि त्यसैले यिसवै कुराहरुलाइ हामिले ठिक ढंगले अझै यसलाइ परिमार्जन गरेर अगाडि वडाउनका निम्ति यो विधेयक लाइ अझै यसलाइ परिमार्जनगरि अझै यसलाइ सम्वृद्ध वनाउन जरुरि मैले ठानेको छु । त्यसैले मैले यिकुराहरु राखे यो विधेयकको सम्वन्धमा यति कुरा राख्दै म विदाभए हवस्त धन्यावाद

**(बोलिसके पछि)**

१०. **माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

११. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय आजहामिले **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**माथि सैद्यान्तिक छलफल गरिरहेका छौ । सैद्धान्तिक छलफल भन्नाले यो विधेयकको प्रश्तापना यसका उद्येस्य यसको औचित्यका वारेमा हामि सदनमा छल्फल गर्दै छौ । यो विधेयक किनआयो हाम्रो प्रदेशमा के कारणले यो सदनमा यसलाइ प्रस्तुत गर्नु पर्‍यो ? यस सन्द्रभमा पूर्ववर कानुन हरु छनकि छैनन् ? संघिय कानुनको माथतमा रहेर हामिले सुशासनको सम्वन्धमा काम गर्दै आएका थियौ । अहि सम्म पुर्ववर कानुन हरु हाम्रे क्षेत्रमा छैनन् । त्यसैले प्रदेशको आफ्नै सुशान सम्वन्धि कानुन जरुरि भएकोले याहाँ प्रस्थुत भएको छ । माननीय सदस्य ज्यु हरुले यो विधेयकको सैद्धनन्तिक पक्षमा रहेर महत्व पुर्ण सुझाप हरु दिन गएको छ । आफ्नना महत्वपुर्ण

जिज्ञासा हरु र सुझाप हरु राख्नु भएको छ । म ति सवै जिज्ञासा र सुझाप हरुलाइ हार्दिक रुपले ग्रण गर्नचाहान्छु । प्रदेशमा सार्वजनिक मामेला लाइ स्वच्छ सक्षेम प्रभावकारि पारदर्शि भ्रष्टाचार मुक्त निस्पक्षे र जनसहभागिता मुलक वनाउनका निम्ती र हाम्रो संघियताको शिद्धन्त विकेन्द्री करणको शिद्धन्त र आर्थिक अनुशासन र सार्वजनिक कार्यको सुनवाइ र कुसल व्यवस्तान गर्नका खातिर प्रदेशमा सुशासन सम्वन्धि विधेयक कानुनि आवस्यक भएकोले हामि याहाँ छल्फल गर्दैछौ । र माननीय ज्युहरुले महत्वपुर्ण विषयमा आफनो धारणा हरु उठान गर्नुभएको छ । माननीय कृष्ण वहादुर चौधरी, माननीय प्रमप्रकाश भट्ट, माननीय भरत वहादुर खड्का र माननीय अक्कल वहादुर रावल चारैजाना माननीय सदस्य हरुले महत्वपुर्ण सुझाप महत्वपुर्ण धारणा याहाँ राख्नु भएको छ । ति सवै धाारणा सुझापको सम्मान गर्न चाहाछु । अव नेपालि जनताले अधिकार प्राप्ती को आन्दोलनको निम्ती फेरि जनक्रान्ती जन आन्दोलन सस्त्र विद्रोह गर्ननपरोस । अधिकार प्रप्तिको आन्दोलन को युगको हामि अन्त भएको घोसणा गरका छौ । अव हामि नेपालि समाज नेपाल राष्ट्र सम्वृधिको यात्रामा आर्थिक सम्वृधिको अगाडि वढ्छ । अधिकारका निम्ती अव संघर्स गरिरहनु प्रदैन । भनेर हामिले उतघोस गरेका छौ । तर राज्यको मानसिक्ता कर्महरु हामिले जे डिकेलाइजेशन गर्याछौ । त्यो एक्ज्युकेसनमा पाइरहेका छैनौ । हामिले जे थट डेप्लप गर्याछौ त्यो हामिले एकसनमा भेटाइ रहेका छैनौ । भन्ने सार गभिर्त सुझाप हरु माननीय ज्यु हरुवाट आएकोछ । फेरि अधिकारका निम्ती नेपाली जनताले जनकन्ती गर्नुपर्ने अधिकार प्रप्तीको आन्दोलनले विश्राम नलिएको अवस्था देदिने फेरि संघर र प्रदेशका विचमा राजनैतिक खिचातानि हुने प्रदेश सरकार प्रशेस संसद हामि भनिराखेका छौ । यो करैको कृपाअंक वाट दया दृष्टि वाट आसिर वाद वाट अनुकम्पा वाट प्राप्त भएको चिज हैन । नेपालि जनताको वलिदानि पुर्ण संघर्ष वाट प्राप्त भएको भिज हो । यो योग्यन आवस्यक्ता हो । त्यसैले यसको रक्षा गर्नु पर्ने यसको अक्षेरसा पालना गर्नुपर्ने संविधान भनेको कसैको दाइजो हैन । नेपालि जनताको माहान क्रान्ती वाट प्रप्त भएको अधिकारको मुल दस्ता वेज हो । त्यसैले त्यसको कार्यानयन मा प्रभावकारिता हुनु पर्छ द्रीड इच्छा शक्ति देखाउनु पर्छ । हाम्रो नेत्रीत्वले र हाम्रो स्थाइ सरकारका रुपमा रहेको प्रशासन संयन्त्रले यसमा तदारुक्ता देखाउन सक्नु पर्छ । संघियतालाइ प्रणयतिमा साशन प्रणलिलाइ जवाफदेहि वनाउने उत्तरदायि वनाउने सन्द्रभमा आफुलाइ प्रस्तुथ गर्न सक्नु पर्दछ । त्यो ढंगमा राज्य र सरकारका व्यवाहार हरु अगाडि वढ्नुपर्छ । भन्ने धेयका सथ सुझाप हरु आएका छन । म सवै सुझाप हरुलाइ याहाँ हरुका जिज्ञासा हरुलाइ समितिमा वृस्तित रुपमा छलफल हुनैछ । र समितिको प्रतिवेदन अनुसार आवस्यक परिमार्जन सहित समिटिनेनै छ । यो सभाले यसलाइ अगाडि वढाउनेनै छ । भन्नेकुरा राख्न चाहान्छु । सरकार भन्नेवित्तिकै त्यो सित प्रहरिहुन्छ । प्रशासन हुन्छ । त्यसको योजना आयोग हुन्छ । त्यसको निति आयोग हुन्छ । त्यसको लोकसेवा आयोग हुन्छ । र चाहि प्रहरि योजना आयोग लोकसेवा आयोग सहितको एउटा कम्पीलिट संरचनामा सरकार उभिएको हुन्छ । त्यो नहुने क्रमचारिको खटनपटन माथिवाट गरिदिनु पर्ने पुलिसको खटनपटन पनि माथिवाटै हुने । योजनापनि ५०हजार ६० हजार को माथिवाटै तोकिनेहो भने यो विढम्वनापुर्ण स्थिति हुन्छ । संघियताको उपहास हुन्छ ।

सहिद हरुको रगतको अपमान हुन्छ । नेपलि जनताले गरेके वलिदानि पुर्ण संर्घसको खिल्लि उड्छ । त्यसैले पुलिस प्रदेशको हुने केन्द्रको प्रतिनिधिले चलाउने हाम्रो संविधानले कुनैपनि प्रशासनलाइ चिन्दैन । अन्चल प्रशासनलाइ चिन्खदैन । अञ्चल प्रशासन लाइ चिन्दैन । क्षेत्रिय प्रशासनलाइ चिन्दैन । जिल्लाप्रशासनलाइ चिन्दैन । अन्चल प्रशासन उहिले खारिज भैसक्यो । क्षेत्रिय प्रशासन अव आन्त्रिक शुरक्षा र सुवेवस्ता ऐन र सुवेवस्ता आउने वित्तिकै क्षेत्रिय प्रशासन त्यसले खारेज गर्छ । संविधानले नचिनेको जिल्ला प्रमुख जिल्ला अधिकारिलाइ कोहिवातछैन केन्द्रको प्रतिनिधि हुन छुटछ । प्रराष्ट्र मामिला हेर्नकालागि सिमाका समस्या हेर्नकालागि राजधानि हेर्नलाइ नागरिक्ता हेर्नलाइ केन्द्रका प्रतिनिधिका रुपमा प्रमुख जिल्ला अधिकारिले रहन सक्छ । तर प्रदेशको प्रहरिको कमान गर्ने प्रदेशको सान्ति सुरक्षाको कमान्ड गर्ने अनि एउटा प्रमुखजिल्ला अधिकारिले प्रदेश प्रहरिको कमान्ड गर्नेहो भने अनि प्रदेश प्रहरिका माथिल्ला सिनियर अधिकृत हरुले काहाँ कमान्ड दिने ? प्रदेशको आन्तरिक मामिला मन्त्रालयले काहाँ र कसलाइ कमान्ड गर्ने याहाँको मुख्यमन्त्री कार्यालयले कसलाइ निर्देश गर्ने त्यसैले संविधानको धारा ५७ को उपधारा २ जुन व्यवस्थाछ । एकल अधिकारको व्यवसथाछ । प्रदेशको मात्रै एकल अधिकार अनुसुचि ६ को पहिलै नमवरमाछ अनुसुचि ६को १ मा प्रदेश प्रहरि प्रशासन र सान्ती सुरक्षा प्रदेश सरकारको मातहत रहनेछ । भनेर संविधानमा उल्लेख छ । संविधानको धारा २८६ को उपधारा २ मा प्रदेशमा एउटा प्रहरि सगठन रहनेछ । भन्ने अनि समस्या प्रदेशमा हुने उपचार केन्द्रमा खोज्नु पर्ने पुलिस प्रदेशको हुने कमान्ड केन्द्रले गर्ने यस्तो खालको दुनियामा कहिपनि नभएको विचित्र खालको संघियताको हामि अभ्स गर्नेहोभने यसले फेरि द्धन्द वढाएर लिन्छ । संघियताको मर्म सिद्धान्त संविधानको व्यवस्था को खिल्लि उड्छ । त्यढंगले जानु हुन्न भन्ने खालको द्रीढ एउटा समर्थन आफ्नो अडोट यो सदनमा मानिनीय सदस्यज्यु हरुले राख्नु भएको छ । सदन सरकार संघियता कार्यानयन गर्ने कुराहरुमा सुसासन कायम गर्ने कुराहरुमा र संविधानले प्रत्याभुत गरेका अधिकार हरुलाइ त्यसको मातहत रहेर संविधानको मातहत रहेर सर्वोच्च अदालतको नजिर हरुको मातहत रहेर हाम्रा अन्तर राष्ट्रि प्रतिवद्धता हरु को मातहत रहेर कानुन निर्माण सुत्रको मातहतमा रहेर हामिले प्रदेशमा सुशासन वहालि गर्ने सुशासन काया गर्ने र कानुनको साशन विधि लाइ स्तावित गर्ने कुराहरुमा हामिसफल हुनुपर्छभन्ने महत्वपुर्ण सुझाप याहाँ उठान भएको छ । त्यसलाइ म हार्दिक सम्मान गर्न चाहान्छु र यिसवै सझाप हरुलाइ सवै याहाँहरुका महत्वपुर्ण द्रीष्टिकोण हरुलाइ समितिमार्फत विस्त्रीत छलफल गरेर प्रतिवेदनमा समेटेर योसदनले पारित गरेर अगाडि जानेछ भन्ने कुरामा मलाइ विस्वासछ एहिकुरा राखदै म विदाहुन्छु । धन्यावाद

**१२. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

**(जानकारी गराएपछि)**

**१३. माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**१४. माननीय सदस्यहरु,म**

आजको छलफलको समय यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल फाल्गुन ०३ गते शुक्रबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।